# सुनसरी जिल्ला अदालतबाट जारी भएको सूचना

कोरोना भाईरस (कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोन लगायतका विभिन्न भेरियन्टका कारण उत्पन्न बिषम् र असहज परिस्थिति उत्पन्न भएको साथै माननिय न्यायाधीशज्यू र कर्मचारीहरुमा कोभिडको मिल्दोजुल्दो लक्षणहरु देखिएको सन्दर्भमा सेवाग्राही, अदालतमा कार्यरत जनशक्ति र कानून व्यवसायी एवं अदालतमा आउने अन्य सरोकारवालाहरुमा कोभिड संक्रमणको जोखिम न्यूनिकरण गर्न अत्यावश्यक देखिएको र सम्मानित सर्वोच्च अदालतको मिति २०७८।१०।४ को पूर्ण बैठकको निर्णयबाट स्थानीय परिस्थिति एवं जोखिमको अवस्था तथा संक्रमित भएको अवस्थासमेतको मुल्यांकनको आधारमा उपयुक्त देखिएको कामकारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धित अदालतले मिलाउने भनी निर्देशन समेत प्राप्त भएको एवं जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला वार ईकाईका पदाधिकारीहरुसँगको छलफलबाट प्राप्त सुझाव समेतलाई मध्यनजर गरी यस अदालतको मिति २०७८।१०।७ मा बसेको पूर्ण बैठकबाट मिति २०७८।१०।९ देखि २०७८।१०।१८ सम्म देहाय बमोजिमका सेवा मात्र प्रवाह हुने गरी सेवा संकुचन गर्ने समेतका निर्णयहरु भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

क. सेवा प्रवाह सम्बन्धमाः

१. अभियुक्तलाई अनुसन्धानको लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप), पक्राउ पुर्जी अनुमति, कल डिटेल अनुमति र जरुरी पक्राउ पुर्जिको समर्थन सम्बन्धी कार्यहरु,
२. थुनुवा प्रतिवादी भएका मुद्दाको पेशी र सुनुवाई,
३. अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने,
४. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको बयान तथा थुनछेक सम्बन्धी कार्य,
५. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन,
६. मुद्दा फिर्ता, मिलापत्र, डिसमिस सम्बन्धी काम कारवाही,
७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको निवेदन,
८. थुनुवा निवेदक भएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरु,
९. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन,
१०. सम्पत्ति रोक्का सम्बन्धी निवेदन,
११. घरेलु हिंसा सम्बन्धी मुद्दामा अन्तरिम संरक्षणात्मक आदेश माग भएका निवेदनको सुनुवाई,
१२. फैसला कार्यान्वयनसँग सम्बन्धित थुनुवा/कैदीका निवेदन दर्ता र सुनुवाई,
१३. दैनिक अन्तिम हदम्यादका सहित १० वटा फिरादपत्र

ख. मुद्दा/निवेदन दर्ता गर्ने सम्बन्धमा अत्यावश्यक भएमा मात्र अदालतमा उपस्थित भई सेवा लिने र अन्य तारेख दिने लगायतका कामकारवाही जनस्वास्थ्यका निर्धारित मापदण्ड अनुसार सामाजिक दुरी कायम गर्ने, भिडभाड हुन नदिने लगायतका कुराहरुको पूर्ण परिपालना हुने गरी सञ्चालन गर्न अदालत प्रशासनले आवश्यक व्यवस्था मिलाउने छ।

ग. अदालतमा अनावश्यक भिडभाड हुन नदिन अत्यावश्यक र न्यून संख्याको जनशक्तिबाट आलोपालो मिलाई कामकारवाही गर्न व्यवस्था हुनेछ।

घ. संक्रमणदर घट्दै गए सेवा सुचारु गर्न सकिने अवस्था भएमा यही बीचमा पुर्नविचार गरी सूचना गरिनेछ।

मिति : २०७८।१०।०७

मोहनबहादुर अधिकारी
स्रेस्तेदार उपसचिव